बागमती प्रदेश

मिति २०८३ भदौ १६ गतेको सचिव बैठकका निर्णयहरुः

१. संवत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिका, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीका कारण भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै, उक्त प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।

२. बाढीपश्चात् प्रभावित क्षेत्रमा प्रदेश सरकारबाट भइरहेका खोज, उद्धार, राहत तथा पुनर्स्थापना लगायतका विपद् प्रतिकार्यका विवरणहरू डिजिटल माध्यमबाट सम्प्रेषण तथा प्राप्त तथ्याङ्क व्यवस्थित गर्नुपर्ने भएकोले सो प्रयोजनका लागि हाल प्रयोगमा रहेका आधिकारिक डिजिटल प्लेटफर्महरूमा विवरण सम्प्रेषण गर्ने/गराउने।

३. हेटौंडा देखि काठमाडौं अन्तर्गतको भिमफेदी देखि कुलेखानी खण्डको साँघुरो मार्गको वैकल्पिक व्यवस्थाको लागि एकतर्फी मार्गको रूपमा भिमफेदी-कोगटे-ईपा देउराली हुँदै सिस्नेरीसम्मको निर्माण कार्य तत्काल पुरा गरी सञ्चालनका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, मकवानपुरसँग समन्वय गरी व्यवस्थित रूपमा सञ्चालनमा ल्याउने।

४. हालको ट्राफिक चापलाई मध्यनजर गरी हेटौंडा देखि काठमाडौं अन्तर्गतको दुई खण्ड मार्गहरू क्रमशः *भिमफेदी-देउराली-कुलेखानी-फाखेल-फर्पिङ* खण्ड तथा *भिमफेदी-सिस्नेरी-छैमले-फर्पिङ खण्ड*को ट्राफिक व्यवस्थापनका लागि उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुरसँग समन्वय गर्ने। साथै सो खण्डमा पर्ने बेली ब्रिजहरूको अवस्था नियमित निरीक्षण गरी चालू अवस्थामा राख्न भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रभावकारी व्यवस्था मिलाउने।

५. विपद् र सडकको हालको अवस्थालाई मध्यनजर गरी ट्राफिक व्यवस्थापनका लागि श्रीमान् प्रमुख सचिवज्यूबाट काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, धादिङ,मकवानपुर, चितवन र सिन्धुलीका प्रमुख जिल्ला अधिकारीहरू तथा बागमती प्रदेश प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षकलाई ट्राफिक व्यवस्थापन सम्बन्धमा निर्देशन दिने र सोको समन्वय आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयले गर्ने।

६. प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ३८ बमोजिम भोटेकोसी बाढीका कारण भएको हानी नोक्सानी (भौतिक पूर्वाधार तथा जनधन) को विवरण संकलनार्थ तपसिल बमोजिमको उपसमिति गठन गर्ने,

तपसिलः

- संयोजकः सचिव, नीति तथा योजना आयोग
- सदस्यः सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय
- सदस्यः सचिव, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय
- सदस्यः सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय
- सदस्यः सचिवहरू (दुवै), स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
- सदस्य सचिवः कोष नियन्त्रक, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव

७. भोटेकोसी बाढीका कारण पूर्णरुपमा विस्थापन भएको स्थानीय बजारलाई पुनर्स्थापना एवम् स्थानान्तरणका लागि जिल्ला स्थित उद्योग, वाणिज्य तथा पर्यटन कार्यालयले सम्भाव्यता अध्ययन तथा आवश्यक सहजीकरण गर्ने। साथै सबै मन्त्रालय र अन्तर्गतका निकायहरूले विपद् सहायता डेस्क स्थापना गरी बाढी पहिरोले घरबार गुमाएका, कागजात हराएका र विस्थापित भएका नागरिकका लागि प्राथमिकताका साथ सेवा दिने व्यवस्था मिलाउने।

८. भोटेकोसी बाढीका कारण आंशिक वा पूर्णरुपमा क्षति भएका कार्यालयहरूको हकमा तत्काल सेवा सुचारु गर्न अस्थायी प्रकृतिका कार्यालयहरू स्थापना गर्ने व्यवस्था सम्बन्धित मन्त्रालयहरूले गर्ने।

९. निजामती सेवा दिवस, २०८३ लाई विपद् व्यवस्थापन केन्द्रित बनाउँदै सप्ताहव्यापी रूपमा मिति २०८३/०५/१६ देखि २३ गते सम्म विभिन्न विषयगत मन्त्रालयहरूले तपसिल बमोजिमका कार्यक्रमहरू सञ्चालन गरी मनाउने निर्णय गरियो:

<u>तपसिल:</u>

| क्र.सं. | कार्यक्रमको नाम | जिम्मेवार निकाय/सहयोगी निकाय | मिति | कार्यक्रमको उद्देश्य/ कैफियत |
|---|---|---|---|---|
| क) | रक्तदान कार्यक्रम सञ्चालन | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | २०८३-०५-२१ र २०८३-०५-२२ | विपद्को समयमा अस्पतालमा हुने सक्ने रक्त अभावलाई न्यूनीकरण गर्न मानवीय सहायताका लागि। |
| ख) | विपद् पीडितका लागि मनोसामाजिक परामर्श सहितको निःशुल्क स्वास्थ्य शिविर | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय तथा जिल्ला स्थित स्वास्थ्य कार्यालय तथा जिल्ला अस्पताल | २०८३-०५-१६ देखि निरन्तर | विपद्पछि आई पर्ने सक्ने आर्थिक, सामाजिक, स्वास्थ्य तथा मनोवैज्ञानिक प्रतिकूलता न्यूनीकरण गर्न। |
| ग) | शोक सभा तथा श्रद्धाञ्जली कार्यक्रम | मुख्यमन्त्री तथा म.प.का. | २०८३-०५-१७ | मुख्यमन्त्रीज्यूको उपस्थितिमा दीप प्रज्वलन सहित |
| घ) | वृक्षारोपण कार्यक्रम | कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय | २०८३-०५-२३ | जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरण संरक्षणका लागि |
| ङ) | विपद् प्रभावितको सहयोगका लागि निजमती कर्मचारीबाट नगद राहत सङ्कलन | सबै मन्त्रालय/निकाय | निरन्तर | नेपाल सरकार सचिव बैठकको निर्णय बमोजिम (विपद्बाट पीडित कर्मचारी बाहेक) |

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| च) | जलवायु परिवर्तन तथा विपद् प्रतिरोधात्मक विकास सम्बन्धी विचार गोष्ठी | कृषि पशुपन्छी वन तथा वातावरण मन्त्रालय/मुख्यमन्त्री तथा म.प.का. | २०८३/०५/२४ | सुशासन, सेवा प्रवाह, विकास निर्माणमा तीव्रता दिँदै विपद्लाई सबैको साझा समस्याका रूपमा ग्रहण गरी समाधानमा एक जुट् भई लाग्ने प्रतिबद्धताका लागि |
| छ) | कार्यालय परिसर तथा सार्वजनिक स्थल सरसफाइ | सबै निकाय | निरन्तर | कार्यालय, सार्वजनिक स्थल र विपद् प्रभावित क्षेत्रको सरसफाइ केन्द्रित हुन |
| झ) | प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी प्रदेश र जिल्लाको संयुक्त रूपमा प्रदेश राजधानी हेटौंडामा निजामती सेवा दिवस-२०८३, मनाउने | मुख्यमन्त्री तथा म.प.का/ जिल्ला प्रशासन कार्यालय, मकवानपुर | २०८३-०५-२२ | दीप प्रज्वलन, श्रद्धाञ्जली सभा, समवेदना तथा पीडित जनसमुदायको शीघ्र स्वास्थ्य लाभको कामना एवं तीव्र उद्धार, राहत र पूर्नस्थापनाका लागि ऐक्यबद्धता जनाउन |

प्रमुख सचिव